गण्डकी गाउँ कार्यपालिकाको कार्यालय
मनकामना, गोरखा
गण्डकी प्रदेश, नेपाल

# गण्डकी छात्रवृद्धी मापदण्ड, २०७८

| |
|---|
| गाउँ कार्यपालिकाबाट स्वीकृत मिति २०७८/०८/१२ |

| |
|---|
| प्रमाणिकरण मिति २०७८/०८/१४ |

गण्डकी गाउँपालिका
गोरखा
गण्डकी प्रदेश, नेपाल

गण्डकी गाउँ कार्यपालिकाबाट मिति २०७८ मंसिर १२ गते स्वीकृत भएको उपर्युक्त अनुसारको गण्डकी छात्रवृद्धी मापदण्ड, २०७८ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २१ बमोजिम प्रमाणीकरण गर्दछु ।

जित बहादुर भण्डारी
प्रमुख प्रशासकीय अधिकृत

मिति: २०७८/०८/१४

जित बहादुर भण्डारी
प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner

गण्डकी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
भुम्लिचोक गोरखा
गण्डकी प्रदेश, नेपाल

# गण्डकी छात्रवृत्ति मापदण्ड २०७८

प्रमाणीकरण मितिः २०७८/०८/१४

**प्रस्तावना**

गण्डकी गाउँपालिका, भुम्लिचोक, गोरखाको आ.व. २०७८/७९ को लागि गाउँसभाबाट पारित वार्षिक कार्यक्रम बमोजिम १/१ जना खुला, आदिवासी, जनजाति, र सीमान्तकृत ( चेपाङ, भुजेल, माझी, बराम, कुमाल ) गरी ४ जना बिद्यार्थीलाई पूर्ण छात्रवृत्तिमा प्राविधिक विषय अध्ययन गराउन गाउँ कार्यपालिकाको निर्णय अनुसार यो मापदण्ड पारित गरिएको छ ।यदि तोकिएको कोटामा तोकिएको समुहबाट छनौटमा नपरेमा अन्य समुहमा अवसर सर्दै जानेछ। आर्थिक अवस्था कमजोर भएका, अभिभावक विहिन, द्वन्द्वपिडित, असाहय तथा जेहेन्दार विद्यार्थीहरुलाई स्थानीय सरकारको दायित्व बमोजिम शिक्षाको अवसरबाट वञ्चित हुन नपरोस् भन्ने यो छात्रवृत्तिको उद्देश्य रहेको छ । यो छात्रवृत्तिको नाम गण्डकी छात्रवृत्ति" हुनेछ । .

**प्रावधान**

१) यो छात्रवृत्ति छनौटको लागि निम्नानुसार छात्रवृत्ति निर्देशक समिति हुनेछ ।

क) संयोजक - गाउँपालिका अध्यक्ष

ख) सदस्य - गाउँपालिका उपाध्यक्ष

ग) सदस्य - प्रमुख प्रशासकीय अधिकृत

घ) सदस्य - सामाजिक विकास समिति संयोजक

ङ) सदस्य - वडा अध्यक्षहरु मध्ये एक जना (निर्देशक समितिले तोके बमोजिम)

च) सदस्य - गाउँपालिका शिक्षाविद्हरुमध्ये एक जना (निर्देशक समितिले तोके बमोजिम)

छ) सदस्य सचिव - शिक्षा अधिकृत



२०७८।८।१४
जित बहादुर भण्डारी
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

२) यो छात्रवृत्ति प्राप्त गर्न निम्न आधारहरु तय गरिएको छ ।

क) तीन वर्षे प्राविधिक विषय अध्ययन गर्ने विद्यार्थीहरुलाई प्राथमिकतामा राखिनेछ । त्यसपछि मात्र विज्ञान विषय अध्ययन गर्ने विद्यार्थीहरुले प्राथमिकता पाउनेछन् । सि.टि.इ.भि.टि. प्रवेश परीक्षामा सहभागी भइ योग्यताक्रमको सूचीमा परेका वा भर्ना भई अध्ययनरत विद्यार्थीहरुले आवेदन दिन पाउनेछन् ।

ख) गण्डकी गाउँपालिका स्थायी ठेगाना भएका र गाउँपालिका भित्रका सामुदायिक विद्यालयबाट माध्यमिक तह उत्तीर्ण परीक्षा उत्तीर्ण गरेका विद्यार्थीहरुले मात्र यो छात्रवृत्ति कार्यक्रममा सहभागी हुन पाउनेछन् ।

ग) आर्थिक रुपले बार्षिक न्युन आय भएका, असहाय एवं अभिभावक बिहीन, द्वन्द्व पिडित, जेहेन्दार विद्यार्थीहरुले विशेष प्राथमिकता पाउनेछन् ।

३) छात्रवृत्ति प्राप्त गर्न आवेदकहरुले लिखित परीक्षामा सहभागी हुनुपर्नेछ र निम्नानुसार अङ्कभार तोकिएको छ ।लिखित परीक्षा निर्देशक समितिले तोके बमोजिम हुनेछ ।

क) लिखित परीक्षामा बस्तुगत प्रश्नहरु सोधिनेछन् र प्रत्येक प्रश्नहरुको अङ्कभार १ हुने र जम्मा अङ्कभार ८० हुनेछन् । जसअनुसार २० वटा अनिवार्य गणितबाट, २० वटा अनिवार्य विज्ञानबाट, २० वटा नेपाली व्याकरणबाट र २० वटा अंग्रेजी व्याकरणबाट सोधिनेछ ।प्रश्नपत्रको निर्माण विषयगत विज्ञबाट गोप्य रुपमा गराइनेछ ।

ख) माध्यमिक तह उत्तीर्ण परीक्षामा प्राप्त गरेको ग्रेडको अंकभार ५ तोकिएको छ । जसअनुसार ग्रेड अङ्कभार निम्नानुसार हुनेछ ।



जित बहादुर भण्डारी
प्रमुख प्रशासकीय अधिकृत

३.६-३.२ ----- ५

३.२-२.८ ------ ४

२.८-२.४ ------ ३

सोभन्दा तलकोलाई २ अङ्क दिइनेछ ।

ग) लिखितमा पास भएका विद्यार्थीहरुलाई अन्तर्वार्तामा समावेश गराइनेछ । लिखित परीक्षा र अन्तर्वार्ता निर्देशक समितिले तोकेको परीक्षा समितिले गर्नेछ। अन्तर्वार्ता १५ अङ्कको हुनेछ ।

घ) लिखित परीक्षामा पास भएका विद्यार्थीहरु मध्ये आर्थिक रुपले वार्षिक न्युन आय भएकालाई ५ अङ्क, असहाय एवं अभिभावक विहिनलाई ५ अङ्क, द्वन्द्व पिडित एवं शहिद परिवारका विद्यार्थीहरुलाई ५ अङ्क प्रदान गरिनेछ । कुनै विद्यार्थी एक समुह भन्दा बढी समुहमा छनौट भएमा एक समुहको मात्र अङ्क प्राप्त गर्नेछ ।

४) छनौट भएका विद्यार्थीहरुलाई अध्ययन अवधिभर छात्रवृत्ति उपलब्ध गराइनेछ ।

क) शैक्षिक शुल्क

विद्यार्थीको शैक्षिक शुल्क अन्तर्गत लाग्ने रकम गाउँपालिका र अध्ययनरत संस्थानबिचको सम्झौता अनुसार अध्ययन विद्यालय वा संस्थानको खातामा भुक्तानी गरिनेछ ।

ख) खानाबास

विद्यार्थीको खानाबास अन्तर्गतको रकम वार्षिक रु १२०००० (अक्षरुपी एक लाख विस हजार ) शैक्षिक शुल्क सहित २१०००० (अक्षरुपी दुइ लाख दश हजार ) नबढ्ने गरी गाउँपालिका र विद्यार्थीको अभिभावकको



जित बहादुर भण्डारी
प्रमुख प्रशासकीय अधिकृत

गण्डकी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गोरखा
गण्डकी प्रदेश, नेपाल
२०७३

सम्झौता अनुसार विद्यार्थी र अभिभावकको संयुक्त खातामा उपलब्ध गराइनेछ।

५) छनौट भइ अध्ययनरत विद्यार्थीहरुको प्रगति विवरणको प्रमाणित प्रतिलिपि शिक्षा, युवा तथा खेलकुद शाखाले इमेल मार्फत संकलन गर्नेछ ।

६) अध्ययन पुरा गरेपछि विद्यार्थीहरुले नेपाल सरकारले तोकेको न्युनतम पारिश्रमिकमा गाउँपालिका अन्तर्गतको कार्यालयहरुमा १ वर्ष सेवा गर्नुपर्नेछ। सोको लागि गाउँपालिकाले छात्रवृत्तिमा अध्ययनरत विद्यार्थीहरुसँग सम्झौता गर्नेछ ।

गण्डकी गाउँ कार्यपालिकाबाट मिति २०७८ मंसिर १२ गते स्वीकृत भएको उपर्युक्त अनुसारको गण्डकी छात्रवृद्धी मापदण्ड, २०७८ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २१ बमोजिम प्रमाणीकरण गर्दछु।

जित बहादुर भण्डारी
प्रमुख प्रशासकीय अधिकृत

मिति: २०७८/०८/१४

जित बहादुर भण्डारी
प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner